**प्रशासन** असार २०७९, वर्ष ५३, अङ्क १, पूर्णाङ्क १३५, १५६-१७०

© २०७९ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

https://doi.org/10.3126/prashasan.v53i1.46327

www.mofaga.gov.np/prashasanjournal

ISSN: 2565-5043 Print / ISSN:2822-1974 Online

# नेपालमा आर्थिक विकासः वित्तीय प्रणालीको असल अभ्यास र दिगो विकास

**डा. सुरोज टण्डन***

## लेखसार

आर्थिक विकासको लागि वित्तीय प्रणालीमार्फत पुँजी, सिप, अनुभव, ज्ञान र प्रविधिलाई समुचित उपयोग गरी सहरदेखि गाउँसम्म आर्थिक क्रियाकलाप बढाउन, पिछडिएको क्षेत्र तथा वर्गको व्यावसायिकता अभिवृद्धि गर्न, कर्जासँगै ज्ञान, पुँजीसँगै सिप, प्रविधिसँगै अनुभव प्रदान गरी साना, मझौला तथा ठुला व्यवसायलाई सहयोग गर्न आवश्यक छ। उत्पादनशील क्षेत्रमा आन्तरिक तथा बाह्य लगानीको अपर्याप्तता, अनुत्पादक क्षेत्रमा केन्द्रित लगानी, न्यून पुँजीगत खर्च, उच्च उत्पादन लागत, आर्थिक वृद्धि र रोजगारी सिर्जनाबिचको कमजोर सम्बन्ध, असमान वितरण, बढ्दो अनौपचारिक क्षेत्रको हिस्सा लगायतका कारण मुलुकको आर्थिक विकासको यात्रामा चासो र चिन्ता थपिएको छ । पन्ध्रौं पञ्चवर्षीय योजनाले लिएको लक्ष्य एवम् उद्देश्य पूरा गर्न, समग्र मुलुकको सन्तुलित आर्थिक विकास गर्न, सर्वसुलभ पूर्वाधार निर्माण गर्न, अन्तर्राष्ट्रिय सम्बन्धको विकास, मानव पुँजी निर्माण तथा उपयोग, उच्च एवम् दिगो उत्पादन तथा उत्पादकत्व वृद्धि र समतामूलक राष्ट्रिय आय वृद्धि सहित आगामी २० वर्षका लागि मुलुकको दीर्घकालीन लक्ष्यहरू हासिल गर्न वित्तीय प्रणालीको भूमिका महत्त्वपूर्ण रहन्छ । मुलुकको आर्थिक विकास वित्तीय क्षेत्रका नीति तथा रणनीति र आर्थिक, सामाजिक एवम् वातावरणीय दिगो विकासका तीन ओटा खम्बाहरूको कार्यसूचीको कार्यान्वयनमा भर पर्दछ । वर्तमानको आवश्यकतामा कुनै सम्झौता नगरी भावी पुस्ताको आवश्यकता पूरा गर्नको लागि विनास विनाको विकास नै दिगो विकास हो। राष्ट्रको आर्थिक विकासका लागि वित्तीय प्रणालीमा रहेको सम्पत्ति र दायित्वको उचित परिचालन गरी रोजगार, आय, उपभोग, बचत र उत्पादनलाई प्रोत्साहन गर्न, गरिबी घटाउन, वातावरण व्यवस्थापन, समावेशी विकास, सुरक्षित खानेपानी, स्वास्थ्य, शिक्षा आदिको क्षेत्रगत सम्बोधन गर्न र अन्तर्राष्ट्रिय समुदायसमक्ष गरेका प्रतिबद्धताहरू पूरा हुने आर्थिक विकासको खाँचो छ ।

---

* *वरिष्ठ शाखा प्रमुख, कृषि विकास बैंक*

*इमेलः surojtandan@gmail.com*

***शब्दकुञ्जीः*** *आर्थिक विकास, वित्तीय प्रणाली, दिगो विकास, गरिबी, वातावरण र योजना*

## १. विषय प्रवेश

नेपालले राजनीतिक प्रणालीमा आमूल परिवर्तन गरे पनि आर्थिक, सामाजिक, वातावरणीय, पारिवारिक एवम् व्यक्तिगत सुधार र लक्ष्यअनुरूप विकास गर्न सकेको छैन । नेपालको संविधानले समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने परिकल्पना तथा पन्ध्रौं योजनाले सन्तुलित आर्थिक विकास, समृद्धि, सुशासन एवम् नागरिकले सुखको अनुभूति प्राप्त गर्ने ध्येय राखेको छ । उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण बुद्धिमत्तापूर्वक गर्न सकेमा मुलुकले आर्थिक विकास र समृद्धि हासिल गर्न सक्दछ । आर्थिक विकासको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्र एकअर्काका परिपूरक भएकोले अर्थतन्त्रलाई उत्पादनमुखी, रोजगारीमूलक र आत्मनिर्भर बनाउन वित्तीय प्रणालीमा रहेको स्रोत तथा साधनलाई अधिकतम उपयोग र दिगो विकासका लक्ष्यहरू हासिल गर्न समन्वयात्मक कार्यक्रम कार्यान्वयनको जरुरी छ ।

आर्थिक विकास विकासोन्मुख मुलुकहरूको एक संवेदनशील एवम् जटिल विषय हो। विकासोन्मुख राष्ट्रहरूले आर्थिक विकासको नाममा केवल आर्थिक क्रियाकलापमा मात्र जोड नदिई मानव कल्याण जस्तोः रोजगारी, आय आर्जन, आयको वितरण, गरिबी न्यूनीकरण, वातावरण संरक्षण, शिक्षा, स्वास्थ्य आदि विषयहरूमा जोड दिई दिगो आर्थिक विकासमा सहयोग पुऱ्याउन जरुरी छ। विकासोन्मुख मुलुकहरूले उद्योगसँगै उद्यमशीलता, विकाससँगै रोजगारी, आयसँगै बचत र परिमाणात्मकसँगै गुणात्मक विकासको लागि वित्तीय क्षेत्रको साधन तथा स्रोतको परिचालनका लागि विशेष जोड र होस पुऱ्याउनु पर्दछ । आर्थिक विकास आजका विकासोन्मुख मुलुकहरूको लागि एक उदयीमान मुद्दा बनेको सन्दर्भमा विकासोन्मुख मुलुकहरूले विकासलाई तीव्र गति प्रदान गर्न अनेकौं उपाय एवम् रणनीति अवलम्बन गरी लक्ष्य हासिल गर्नका लागि वित्तीय प्रणालीका असल अभ्यासहरूको कार्यान्वयन आवश्यक छ । सङ्घीय संरचनाबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको बिचमा समन्वयका आधारमा आर्थिक, वातावरणीय र सुशासनसम्बन्धी लक्ष्यहरू हासिल गर्न वित्तीय उपकरणहरूको उपयोग र समावेशी आर्थिक समृद्धि आजको आवश्यकता हो ।

वित्तीय क्षेत्र अर्थतन्त्रको ऐना भएको हुँदा वित्तीय क्षेत्र विकास रणनीतिले अवलम्बन गरेका उद्देश्य, नीति तथा रणनीति एवम् विषयहरूको कार्यान्वयन गरी सेवालाई ग्रामीण तहसम्म पुऱ्याई वित्तीय शिक्षा र ज्ञानसँगै जनतामा वित्तीय साक्षरता अभिवृद्धि गर्न आवश्यक छ । नेपालमा वित्तीय संस्थाहरूले स्रोतको परिचालन गर्दै व्यवसाय, लगानी, निर्यात, बजार र वित्तीय पहुँच बढाउन अन्तर्राष्ट्रिय असल अभ्यासहरूको कार्यान्वयन गर्न देखिएका कमी कमजोरी हटाउन, सम्पत्ति र दायित्वको सन्तुलन कायम गर्न, दिगो

विकासका लक्ष्यहरू हासिल गर्न र कुल जनसङ्ख्याको करिब ४० प्रतिशत जनता वित्तीय पहुँचबाट बाहिर रहेको विषयलाई समेत सम्बोधन हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

नेपालको सन्तुलित आर्थिक विकासका लागि वित्तीय क्षेत्रको सक्रियता बढाई सोच, शिक्षा, नीति, नियम, प्रक्रिया र पद्धतिमा सुधार गरी लगानीमैत्री वातावरणको व्यवस्था मिलाई पुँजी तथा लगानीयोग्य रकम, जनशक्ति तथा मानव साधन, माग तथा आवश्यकताको पहिचानसँगै रणनैतिक सुधार गर्न आवश्यक छ । नेपाल गरिब होइन हाम्रो सोच गरिब हो, नेपालमा शिक्षा नभएको होइन व्यावहारिक उपयोग नभएको हो, नीति तथा कार्यक्रम नभएको होइन कार्यान्वयन फितलो र आर्थिक विकास गर्न लगानीकर्ता नभएका होइनन्, लगानीमैत्री वातावरण नभएको हो । तसर्थ वित्तीय प्रणालीले सन्तुलित आर्थिक विकासको लागि लघु, घरेलु, साना तथा मझौलासँगै व्यावसायिक परियोजनामा कर्जा विस्तार गर्न जोड दिई प्रवाह हुने कर्जा सहरदेखि गाउँसम्म व्यवसायीदेखि सर्वसाधारणसम्म पहुँच पुग्ने गरी स्रोतको परिचालन गर्नुपर्दछ । एकातर्फ वित्तीय प्रणालीका सेवा, सुविधा सहर केन्द्रित हुनु अर्कातर्फ वित्तीय साक्षरता समेत अपर्याप्त हुनुले सीमान्तकृत वर्ग तथा क्षेत्रले वित्तीय प्रणालीबाट अपेक्षाकृत लाभ प्राप्त गर्न सकेको सन्दर्भमा मुलुकको दिगो र सन्तुलित विकासको लागि नेपालमा बैंकिङ तथा गैरबैंकिङ क्रियाकलाप अभिवृद्धि गरी आवश्यक सुधारसँगै वित्तीय प्रणालीबाट असल अभ्यासहरूको कार्यान्वयन गरी दिगो विकासका बहुआयामिक लक्ष्यहरू हासिल गर्न आवश्यक छ ।

## २. आर्थिक विकास

आर्थिक विकास भनेको एउटा लामो र निरन्तर प्रक्रिया हो । जहाँ थुप्रै दबाब, तनाव, समस्या र चुनौतीका तत्वहरूले अझै राम्रोसँग आर्थिक परिवर्तन ल्याउनको लागि काम गरिरहेका हुन्छन् । आर्थिक विकासको मुख्य उद्देश्य समाजमा बढीभन्दा बढी उत्पादनसँगै वितरण, आयसँगै बचत, मानिसको कल्याणसँगै जीवनस्तर सुधार र रोजगारीसँगै अवसरहरू सिर्जना गराउन प्रयासरत हुन्छ । आर्थिक विकासले केवल आर्थिक क्रियाकलापमा मात्र जोड दिएर पुग्दैन, राष्ट्रको समग्र विकासका लागि रोजगारी, आय आर्जन, आयको वितरण, गरिबी न्यूनीकरण, बचत, लगानी आदिमा पनि जोड दिँदै दिगो र सन्तुलित आर्थिक विकासको लागि सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालनमा ल्याउनु पर्दछ । विकासोन्मुख देशहरूले उद्योग, उद्यमशीलता, पुँजी परिचालन र विकासका विविध आयाममा जोड दिन जरुरी छ । अर्थशास्त्री बोनका अनुसार धेरैजसो अल्पविकसित देशहरूमा आर्थिक विकासको निम्ति आर्थिक विस्तारका शक्तिहरूको सिर्जना तथा संवर्द्धन गर्नुपर्ने हुनाले एक किसिमको निर्देशन, व्यवस्था तथा पथप्रदर्शन गर्नुपर्ने हुन्छ । यसरी विद्धान बोनले आर्थिक विस्तारका शक्तिहरूको सिर्जना तथा संवर्द्धनमा जोड दिएका छन्। आर्थिक विस्तारका शक्ति भन्नाले उद्योग, व्यापार, रोजगारी, आय, उद्यमशीलता, मानव पुँजी जस्ता कुरालाई जनाउँदछ । समग्रमा आर्थिक विकास भनेको देशको सम्पूर्ण नागरिकको बहुपक्षीय कल्याण र समृद्धि हो। तसर्थ आर्थिक विकास निरन्तर चलिरहने अविछिन्न प्रयास भएकोले विश्वका गरिब मुलुकहरूलाई

गरिबीको दुस्चक्रबाट मुक्ति दिलाउन, तिनीहरूको आम्दानीमा अभिवृद्धि गराउन र उच्चस्तरको जीवन व्यतीत गर्नसक्ने अवस्था सिर्जना गराउन प्रयासरत हुन्छ ।

आर्थिक विकास एउटा आर्थिक प्रक्रिया मात्र नभएर मानवीय आवश्यकता र चाहना पनि भएकोले सबै प्रकारका मुलुकहरूमा केही न केही विकासका कार्यहरू निरन्तर भइरहेका हुन्छन् । विकसित तथा विकासोन्मुख मुलुकहरूले विकासलाई तीव्र गति प्रदान गर्न अनेकौं उपाय एवम् रणनीतिहरू अवलम्बन गर्दै आएका छन् । उच्च आर्थिक वृद्धि हासिल गर्ने मुलुकहरूले आर्थिक क्रियाकलापमा मात्र जोड दिँदा आर्थिक लगानी उच्च रहने तर त्यसको प्रभाव मानवीय कल्याण पक्षमा कमजोर हुने भएकोले गरिबी न्यूनीकरण, सन्तुलित तथा दिगो आर्थिक विकास, स्थायित्व र सुशासन कायम राख्नका लागि वित्तीय क्षेत्रका असल अभ्यासहरूको कार्यान्वयन गरी दिगो विकासमा जोड दिन आवश्यक छ । आर्थिक विकासको सन्दर्भमा विभिन्न अर्थशास्त्रीहरूले फरक फरक सिद्धान्त र धारणाहरू राखेका छन् । आर्थिक विकासमा अन्तर्राष्ट्रिय राजनीति र यसमा आउने परिवर्तनले असर गर्दछ भन्ने धारणा पल रोमर, रर्वट लुकास, पल क्रुगम्यान लगायतका अर्थशास्त्रीको रहेको छ । वास्तवमा आर्थिक समृद्धि उत्पादनका आगतहरूको होसियारीपूर्वक गरिने उपयोग, प्रविधिको सदुपयोग र पुँजीको उपयोगको प्रतिफल नै हो भन्ने अर्थशास्त्री जेफ्रिसान्सको धारणा छ । केही राजनीतिक अर्थशास्त्रीहरूको तर्क कुनै पनि देशको आर्थिक वृद्धि त्यो देशले अपनाएको राजनीतिक प्रणाली, आर्थिक स्वतन्त्रता, प्रजातन्त्रप्रतिको प्रतिबद्धता तथा सरकारको निजी आर्थिक क्रियाकलापप्रतिको सहयोग र सकारात्मक भूमिका आदिले निर्धारण गर्दछ भनेका छन् । विकासवादी अर्थशास्त्री रोस्टोले विकसित र विकासोन्मुख मुलुकहरूबिच प्रविधिको खाडल गहिरो रहेबाट विकासोन्मुख मुलुकले उपयुक्त प्रविधि भित्र्याई चित्तबुझ्दो आर्थिक विकासतर्फ उन्मुख हुनसक्ने तर्क दिएका छन् ।

प्रस्तुत अवधारणाहरूलाई मध्यनजर गर्दा नेपालको आर्थिक विकासको आधार कृषि, वैदेशिक रोजगार, पर्यटन, व्यापार तथा व्यवसाय, उर्जा भए पनि लक्षित उद्देश्य पूरा गर्नको लागि वित्तीय क्षेत्रका असल अभ्यासहरू प्रयोगमा ल्याई दिगो विकासका दीर्घकालीन लक्ष्यहरू हासिल हुने गरी समृद्धिको यात्रातर्फ लाग्न आवश्यक छ । आर्थिक विकासको इन्जिनको रूपमा वित्तीय क्षेत्रलाई स्वीकारिएको हुँदा वित्तीय क्षेत्रका अन्तर्राष्ट्रिय असल अभ्यासहरू कार्यान्वयनमा ल्याई उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन तथा व्यावसायिक साझेदारको रूपमा वित्तीय क्षेत्रलाई अगाडि बढाउन आवश्यक छ । अर्थतन्त्रका उपक्षेत्रहरू जस्तोः उर्जा, पर्यटन, कृषि, वैदेशिक रोजगारी, व्यापार लगायत सेवाका क्षेत्रलाई सहकारीताको अवधारणाअनुरूप तिन खम्बा (सार्वजनिक, निजी र सहकारी) लाई सरकारले प्रर्वद्धनात्मक र संरक्षकत्वको भूमिका प्रदान गरी प्रदेशको आर्थिक संरचना समेत बलियो, भरपर्दो र सक्षम बनाउन सङ्घीय नेपालको आवश्यकता छ ।

नेपालको अर्थतन्त्र यतिबेला दोहोरो दबाबमा परिरहेको छ । एकातर्फ सरकारले न्यून पुँजीगत बजेट विनियोजन गर्ने र अर्कोतर्फ विनियोजित बजेट खर्च नहुने प्रवृत्तिले कुल गार्हस्थ्य उत्पादनको आकार सङ्कुचन हुन गई पुँजी पलायन, बेरोजगारी, गरिबी, महँगी, आयात, मुद्रास्फीति बढ्दै गएको र बजारमा लगानीयोग्य रकम (तरलता) मा असन्तुलन हुन गई अर्थतन्त्रमा चाप परेको छ । आ.व.२०७७/७८ मा निषेधाज्ञा, आंशिक तथा पूर्ण लकडाउनबाट अर्थतन्त्र प्रभावित भए पनि करिब रु.१६ खर्ब ८० अर्ब बराबरको उच्च परिमाणमा वैदेशिक व्यापार भएको छ । सो व्यापारमध्ये करिब रु.१ खर्ब ४१ अर्ब निर्यात, रु.१५ खर्ब ३९ अर्ब बराबरको आयात भएको र करिब रु.१३ खर्ब ९८ अर्ब व्यापार घाटा हुन पुगेको तथ्याङ्कबाट पुष्टि हुन्छ । उक्त व्यापार घाटा आ.व.२०७६।७७ को तुलनामा २७.२६ प्रतिशतले बढेको देखिन्छ । प्रत्येक वर्ष आयात र व्यापार घाटा बढ्दो प्रवृत्तिमा रहेको र निर्यातको वृद्धि सामान्य देखिन्छ । आ.व.२०७७/७८ मा कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ९१.६० प्रतिशत र निर्यातको हिस्सा ८.४० प्रतिशत रहेको छ, जुन गत आर्थिक वर्षको तुलनामा प्रतिशतका दृष्टिकोणले केही सुधारिएको स्थिति मान्न सकिन्छ । आर्थिक वर्ष २०७७/७८ मा नेपालले कुल निर्यात मध्ये भारत तर्फ ७५.३७ प्रतिशत र चीनतर्फ ०.७२ प्रतिशत गरेको र कुल आयातमध्ये भारतबाट ६३.१० प्रतिशत र चीनबाट १५.२० प्रतिशत गरेको देखिन्छ । यसरी अध्ययन गर्दा व्यापार घाटा बढ्नुमा न्यून पुँजीगत खर्च हुनु, सरकारी खर्च बढ्नु, आयातको तुलनामा निर्यात निकै कम हुनु, उच्च आयात र कमजोर निर्यातका कारण व्यापार घाटा बढनु, राज्यको आम्दानी (राजस्व) बढाउन नसक्नु, विलासिताका सामानको आयात अत्यधिक हुनु, अनुत्पादक क्षेत्रमा पुँजी परिचालन हुनु, अनौपचारिक अर्थतन्त्रको आकार बढी हुनु, वित्तीय ज्ञान तथा शिक्षाको अभाव लगायत कोभिड १९ को महामारीबाट मानव जीवन र आर्थिक गतिविधिमा परेको प्रभावलाई समयमै लयमा पुनरावृत्ति गराउन नसक्नु जस्ता कारणले अर्थतन्त्र आयात उन्मुख बन्दै गएको छ । त्रि-वर्षीय योजना, बजेट तथा कार्यक्रम, मौद्रिक नीति र दिगो विकासका लक्ष्यले तीव्र आर्थिक वृद्धि हासिल गर्ने सन्दर्भमा लिएका लक्ष्यहरू पूरा हुन सक्ने सम्भावना न्यून रहेको हुँदा सरकारले मुलुकको आर्थिक विकासको मोडेललाई प्रादेशिक संरचनामा परिवर्तन गरी अर्थतन्त्रलाई परनिर्भरताबाट आत्मनिर्भर बनाउन सक्नुपर्दछ।

## ३. वित्तीय प्रणाली


मुलुकको अर्थतन्त्र गतिशील बनाउन सङ्कलित पुँजीलाई आवश्यक परेको क्षेत्रमा परिचालन गर्न वित्तीय संस्था, वित्तीय उपकरण र वित्तीय मध्यस्थताको सामूहिक स्वरूप नै वित्तीय प्रणाली हो । वित्तीय प्रणालीले अर्थतन्त्रमा छरिएर रहेको ससानो बचतलाई एकीकृत गरी आवश्यक र सम्भावना भएका क्षेत्र वा उपक्षेत्रमा स्रोतको परिचालन गर्न बहुआयामिक भूमिका खेलेको हुन्छ । वित्तीय क्षेत्रले मुलुकको उद्योग, व्यापार र व्यवसायको विकास र विस्तारका लागि कोशेढुङ्गाको रूपमा कार्य गर्दछ । नेपालको आर्थिक विकासको लागि महत्त्वपूर्ण औजारको रूपमा रहेको वित्तीय प्रणाली अन्तर्गत बैंकिङ क्षेत्र (मुद्रा

बजार), पुँजी बजार, बिमा क्षेत्र, गैरबैंकिङ वित्तीय क्षेत्र र सहकारी गरी मुख्य पाँच ओटा क्षेत्रहरू पर्दछन्। बैंकिङ क्षेत्र अन्तर्गत वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्त संस्थाहरू पर्दछन् जसको नियन्त्रण र व्यवस्थापन नेपाल राष्ट्र बैंकले गर्दछ । वित्तीय प्रणालीमा कुल सम्पत्तिको झण्डै ८९ प्रतिशत हिस्सा बैंकिङ क्षेत्रले ओगटेको छ । पुँजी बजार अन्तर्गत नेप्से, धितोपत्र दलाल, सूचीकृत कम्पनी, क्रेडिट रेटिङ्ग एजेन्सी, म्युचुअल फण्ड, मर्चेन्ट बैंक आदि पर्दछन् जसको नियमन र व्यवस्थापन नेपाल धितोपत्र बोर्डले गर्दछ । यसैगरी बिमा कम्पनीअन्तर्गत जीवन तथा निर्जीवन बिमा कम्पनी, पुनर्बिमा कम्पनीहरू पर्दछन् जसको नियमनसम्बन्धी कार्य बिमा समितिले गर्दछ । गैरबैंकिङ वित्तीय क्षेत्रअन्तर्गत कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, निक्षेप तथा कर्जा सुरक्षण कोष आदि पर्दछन्। अर्थ मन्त्रालयका नीति, नियमबमोजिम कार्य सम्पादन गर्ने, मापदण्डबमोजिम व्यवसाय गर्ने र ऐनमा व्यवस्था भएअनुसार यी संस्थाहरूले कारोबार गर्दछन् । बचत तथा ऋण सहकारी संस्थाहरूलाई सहकारी विभागले नियमन, अनुगमन र व्यवस्थापन गर्दछ, उक्त विभागले तयार पारेका नीति, नियम र कार्यविधिबमोजिम यस प्रकृतिका संस्थाहरूले कार्य गर्नुपर्दछ ।

अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको वित्तीय क्षेत्र (वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, लघुवित्त वित्तीय संस्था, सहकारी संस्था, गैरसरकारी संस्था) ले नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३, बिमा ऐन, २०४९, धितोपत्रसम्बन्धी ऐन, २०६३, सहकारी ऐन, २०७४ तथा अन्य ऐन, नियमावली र निर्देशनबमोजिम कार्य गर्ने तथा पुँजीको माग सिर्जना एवम् आपूर्ति गर्ने जस्ता कार्यहरू वित्तीय प्रणालीबाट हुन्छ । नेपालको वित्तीय क्षेत्रको दायरा, कार्यक्षेत्र र आकार निकै फराकिलो, आधुनिक, प्रतिष्पर्धी, चुनौतीपूर्ण र जोखिमपूर्ण हुँदै गएको छ । वित्तीय प्रणालीमा हाल तरलताको चाप बढनु, निक्षेप वृद्धि हुन नसक्नु, ब्याजदर असन्तुलित हुनु, नीतिगत अस्थिरता हुनु, लगानीमैत्री वातावरण नहुनु, कर्जालाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न नसक्नु, कर्जा असुली दर न्यून हुनु, सबै क्षेत्र, वर्ग र समुदायमा बैंकिङ सेवा तथा सुविधा सहज नहुनु, निष्क्रिय कर्जा घटाउन नसक्नु, कमजोर वित्तीय साक्षरता, मुद्रास्फीती दर लक्षित सीमामा राख्न नसक्नु, कमजोर संस्थागत सुशासन हुनु, वित्तीय संस्थाको सङ्ख्यात्मक वृद्धिसँगै गुणस्तर वृद्धि हुन नसक्नु, अर्थतन्त्रमा छाँया बैंकिङ क्रियाकलाप नियन्त्रण हुन नसक्नु आदि यस क्षेत्रका समस्या तथा चुनौती हुन् ।

वित्तीय प्रणालीलाई एकीकृत संरचनातर्फ उन्मुख गराउन वित्तीय क्षेत्र सुधार कार्यक्रम, पन्ध्रौं पञ्चवर्षीय योजना, नेपालको दीर्घकालीन सोच, नेपालको संविधानले परिकल्पना र मार्गदर्शन प्रदान गरेकोले वित्तीय क्षेत्रको वर्गीकरण, पुनःसंरचना, प्रवर्द्धन र संरक्षण गरी एकीकृत वित्तीय प्रणालीको विकास गर्नुपर्दछ । मुलुकले वित्तीय प्रणालीको सेवा सुविधा मिश्रित प्रकृतिको बनाउँदै वित्तीय पहुँच, शिक्षा, ज्ञान र समावेशीकरणलाई अभिवृद्धि गरी आर्थिक विकासमा जोड दिएको छ । समग्र वित्तीय प्रणालीलाई स्वस्थ, पारदर्शी, सुरक्षित र जोखिम रहित बनाउन आवश्यक ऐन, नीति, नियम, कार्यविधि र मापदण्ड आदिको तर्जुमा गरी नियमनकारी निकाय (बासेल समेत) बाट विभिन्न समयमा जारी भएका मापदण्ड, दस्तावेज

तथा निर्देशनलाई आत्मसात् गरी अन्तर्राष्ट्रिय अभ्यासअनुसार वित्तीय क्षेत्रले व्यावसायिक कार्य गर्नुपर्दछ। नेपालको सन्तुलित आर्थिक विकासको लागि वित्तीय शिक्षा, ज्ञान, पहुँच र समावेशिता समयको माग हो । नेपाल सरकारले चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममा समेत वित्तीय पहुँच, शिक्षा र समावेशीकरणलाई प्राथमिकतामा राखी विद्यमान न्यून वित्तीय पहुँचलाई विस्तार गरी स्थानीय तहसम्म वित्तीय सेवाको पहुँच, ज्ञान र शिक्षा बढाँउदै लैजाने नीति अङ्गीकार गरेकोले वित्तीय प्रणालीलाई देशको आर्थिक विकासको कोसेढुङ्गा मान्न सकिन्छ । नेपालको विद्यमान वित्तीय प्रणालीको संरचनालाई देहायको तस्बिरमा प्रस्तुत गरिएको छः




*स्रोतः नेपाल सरकार, अर्थ मन्त्रालय*

नेपालले आर्थिक उदारीकरणको अवधारणा प्रयोगमा ल्याएपश्चात् वित्तीय क्षेत्रमा विगत आठ दशकदेखि क्रमशः सङख्या, आकार र प्रकारमा व्यापक परिवर्तन आएको तथा अर्थतन्त्रलाई मौद्रिकीकरणमार्फत चलायमान र स्थायित्व कायम गर्न वित्तीय प्रणालीले इन्जिनको रूपमा काम गरिरहेको छ ।

## ४. दिगो विकास

कुनैपनि मुलुकको विनास रहित विकास नै दिगो विकास भएको हुँदा मानिसका वर्तमानको आवश्यकता पूरा गर्न कुनै पक्षसँग सम्झौता नगरी भावी पुस्ताको आवश्यकतालाई समेत मध्यनजर एवम् पूरा गर्दै

जानु दिगो विकास हो । दिगो विकासको मुल मर्म भनेकै वातावरण संरक्षण गरी आर्थिक र सामाजिक विकास हासिल गर्नु भएको हुँदा पृथ्वीमा रहेका साधन तथा स्रोतमा खलल नपारी वर्तमानका मानिसहरूको कल्याणमा केन्द्रित हुनुपर्दछ । विकास आजका मानिसको उत्कट चाहना भएको हुँदा विकास निर्माणमा वातावरण प्रतिकूल कार्य भएमा विकासबाट अपेक्षा गरिएअनुसार लक्ष्यसम्म पुग्न कठिन हुन्छ तसर्थ दिगो विकास भन्नाले धान्न सकिने र टिकाउपूर्ण विकास हो, जसले वातावरण र विकासबिच सन्तुलन कायम राख्नुपर्ने मान्यतालाई जोड दिएको छ । भावी पुस्ताको आवश्यकता पूरा गर्न बाधा नपर्ने गरी वर्तमानको आवश्यकता पूरा गर्न तथा आर्थिक, सामाजिक, मानवीय, प्राविधिक, संस्थागत र वातावरणीय पक्षबिच सन्तुलन कायम गर्न दिगो विकासको अवधारणाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । मानिस विकास निर्माणसँगै आर्थिक, वित्तीय र मानव विकास अभिवृद्धिको केन्द्र भएकोले दिगो विकासमा एउटै पृथ्वी संरक्षण गरौं र बाचौं भन्ने अवधारणा महत्त्वपूर्ण पक्ष हो । विकास आजको आवश्यकता र भोलिको योजना भएकोले विकास निर्माण वातावरण प्रतिकुल हुन गए विकासबाट आशा गरिएको लक्ष्यसम्म पुग्न कठिन हुन्छ । तसर्थ दिगो विकासले साधन र स्रोतको उचित प्रयोग, वातावरणको संरक्षण र संवर्द्धन, विकासको महत्त्व र सान्दर्भिकता, जैविक विविधताको संरक्षण र उपयोग जस्ता महत्त्वपूर्ण सवालमा विशेष ध्यान दिएको हुन्छ।

सहस्राब्दी विकास लक्ष्यको सापेक्षिक सफलतामा आधारित रहेर दिगो विकासका लक्ष्यहरूलाई सन् २०३० सम्ममा अवलम्बन एवम् हासिल गर्न नेपाल प्रतिबद्ध रहेको छ । दिगो विकासका लक्ष्यहरू केवल अन्तर्राष्ट्रिय रूपमा कोसेढुङ्गा मात्र नभएर यिनीहरूले साझा प्रगतिका निम्ति नेपालीहरूले गरेका महान् प्रतिबद्धताहरूलाई समेत प्रतिनिधित्व गरेको हुन्छ । नेपालले दिगो विकासका लक्ष्यहरू हासिल गर्ने सन्दर्भमा पन्ध्रौं पञ्चवर्षीय योजना, क्षेत्रगत नीति तथा कानुनहरूको तर्जुमा, संरचनागत एवम् कार्यक्रमको व्यवस्थापन, विकासको दीर्घकालीन सोच लगायत वार्षिक बजेट, नीति, कार्यक्रम र प्राथमिकताहरूमा दिगो विकासका लक्ष्यहरू पूरा गर्न अभियानको रूपमा लागि परेको छ । महत्वाकाङ्क्षी कार्यसूचीहरूको कार्यान्वयन गर्न वित्तीय, संस्थागत र जनशक्तिको विवेकपूर्वक विश्लेषण एवम् मूल्याङ्कन गरी योजना बनाउनु पर्दछ । हाम्रा प्राथमिकताहरू तय गर्ने, दिगो विकास लक्ष्यहरूका निम्ति स्रोतहरूको अनुमान गर्ने र कार्यान्वयनका निम्ति पूर्वाधार तयार गर्ने सम्बन्धमा समयमै आवश्यक कार्य योजना तयार गर्न जरुरी छ। दिगो विकासका लक्ष्यहरू सरकारको मात्र जिम्मेवारी नभएर गैरसरकारी, निजी र सामुदायिक लगायतका क्षेत्रको जिम्मेवारी हो । दिगो विकास सन् २०१५ देखि २०३० सम्मका १७ ओटा लक्ष्यहरू जस्तोः गरिबी रहित, भोक रहित, असल स्वास्थ्य, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, स्वच्छ पानी र स्वच्छता, नवीकरणीय र खरिदयोग्य ऊर्जा, असल रोजगार र आर्थिक वृद्धि, उद्योग नवीन सोच र आधारभूत भौतिक संरचना, असमानताको न्यूनीकरण, दिगो सहरहरू र समुदायहरू, उत्तरदायी उपभोग र उत्पादन, जलवायु कार्य, दिगो जनजीवन समुद्रहरू, दिगो भूमि जीवन, शान्ति, न्याय र मजबुत संस्था र दिगो विकासको लागि साझेदारी हुन् ।

विकास भन्नु नै स्रोत र साधनहरूको विवेकपूर्वक उपयोग भएकोले विश्वका हरेक मुलुकका जनताले अपेक्षा गरेको समृद्धिको लागि दिगो विकासको विकल्प देखिँदैन । नेपालले दिगो विकासका अपेक्षित लक्ष्यहरू हासिल गर्नका निम्ति सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरूबिच साझेदारी एवम् सरकारी, गैरसरकारी, निजी र सामुदायिक क्षेत्रहरूसँग सहकार्य गर्न जरुरी छ । सन् २०३० सम्ममा नेपालमा दिगो विकासका उपलब्धिहरू हासिल गर्नका लागि विभिन्न पक्षहरूसँग हातेमालो, साझेदार र सहकार्य भई कार्यान्वयनको चरणमा रहेको छ । वास्तवमा दिगो विकासका महत्त्वपूर्ण लक्ष्यहरूको प्राप्तिका लागि राजनीतिक प्रतिबद्धता, स्थिरता, स्रोत प्राप्ति, प्रभावकारी योजनाको कार्यान्वयनसँगै बजेटको व्यवस्था समेतका लागि वित्तीय क्षेत्रका अन्तर्राष्ट्रिय असल अभ्यासहरू कार्यान्वयन गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्न नेपालले अपेक्षा गरेअनुरूप आर्थिक विकास र समृद्धि हासिल गर्न सकिन्छ ।

## ५. आर्थिक विकासमा वित्तीय प्रणालीका अभ्यास र दिगो विकास


नेपालको आर्थिक विकासका लागि वित्तीय क्षेत्रको योगदान निरन्तर बढिरहेको छ । नेपालमा १९९४ सालमा नेपाल बैंक लिमिटेडको स्थापना भएपश्चात् वित्तीय प्रणालीको शुरुआत भएको मानिन्छ । यसैगरी वि.सं.२००१ सालमा निजामती प्रोभिडेन्ट फण्ड (हालको कर्मचारी संचय कोष), २०१३ मा नेपाल राष्ट्र बैंक, २०१६ मा एनआईडिसी, २०२२ मा राष्ट्रिय वाणिज्य बैंक, २०२४ मा कृषि विकास बैंक, २०२५ मा राष्ट्रिय बिमा संस्थान र २०३३ सालमा सेक्युरिटिज खरिद बिक्री केन्द्र लगायका संस्थाहरूको स्थापना भएको थियो । २०४० सालसम्म नेपालको अर्थतन्त्रसँगै वित्तीय क्षेत्र धेरै हदसम्म सरकार नियन्त्रित रहे पनि २०४२ सालपछि मुलुकले उदारीकरणको अवधारणा कार्यान्वयनमा ल्याएपश्चात् आर्थिक क्षेत्रसँगै वित्तीय क्षेत्रको दायरा, संरचना एवम् भूमिका फराकिलो र खुला भएको छ। मुलुकको तीव्र आर्थिक विकास र अपेक्षाअनुरूप दिगो विकासका लक्ष्यहरू हासिल गर्न वित्तीय क्षेत्रका अन्तर्राष्ट्रिय असल अभ्यासहरूको कार्यान्वयनका साथसाथै आवश्यकता र भूमिका बढ्दै गएको छ । आर्थिक तथा दीर्घकालीन विकाससम्बन्धी मुद्दाहरू विश्वको साझा मुद्दा भए पनि विश्वका हरेक मुलुकमा एकै प्रकारको विकासका एजेण्डाहरू प्रयोग हुन सक्दैनन् । संयुक्त राष्ट्र सङ्घका महासचिव वान कि मुनले सन् २०११ मा गठन गरेको समूहले पेस गरेको प्रतिवेदनमा समावेशी आर्थिक विकास, समावेशी सामाजिक विकास, वातावरणीय दिगोपना र शान्ति, सुरक्षामा जोड दिएअनुरूप नेपालको आर्थिक विकासको अभियानमा दिगो विकासका अवधारणाहरूलाई विशेष जोड दिँदै वित्तीय क्षेत्रका उपकरणहरूको उपयोगद्धारा अपेक्षित लक्ष्य हासिल गर्न सकिन्छ । नेपालको आर्थिक विकासको लागि ससानो पुँजी सङ्कलन तथा परिचालन, व्यापार तथा व्यवसाय वृद्धि, कृषि क्षेत्रको विकास, रोजगारी तथा आय आर्जन, गरिबी निवारण, वित्तीय शिक्षासँगै वित्तीय प्रणाली र दीर्घकालीन आर्थिक विकासको यात्रा तय गर्न सकिन्छ ।

आर्थिक विकासको लागि निजीक्षेत्र विकासको महत्त्वपूर्ण भएको हुँदा मुलुकले उदार आर्थिक नीति अवलम्बन गरेसँगै अर्थतन्त्रका विभिन्न क्षेत्रमा स्वदेशी तथा वैदेशिक लगानी बढेको छ । तसर्थ आर्थिक विकासको लागि वित्तीय प्रणालीसँग भएको पुँजीको प्रभावकारी परिचालन र व्यवस्थापन गरी यस प्रणालीसँग आर्थिक वृद्धिलाई जोड्न सक्नुपर्दछ । संयुक्त राष्ट्र सङ्घको आव्हानमा नेपालले सन् २०३० सम्म दिगो विकासका लक्ष्य र गन्तव्यहरू हासिल गर्ने प्रतिबद्धताअनुसार लगानीको आवश्यकता पूरा गर्न सार्वजनिक, निजी तथा सहकारी तीन वटै क्षेत्रमा आवश्यक पर्ने स्रोतको व्यवस्थापन गर्न वित्तीय क्षेत्रको प्रमुख भूमिका रहन्छ । आर्थिक, सामाजिक र भौतिक पूर्वाधारमा सबैजसो उत्पादनका साधनहरू आयात हुने भएकोले उत्पादन लागत र व्यापार घाटा बढ्दै गएको छ । अर्थतन्त्रको संरचनागत परिवर्तन नगरी दोहोरो अङ्कको आर्थिक वृद्धिदर हासिल गर्न र व्यापार घाटा नियन्त्रण गर्न नसकिने भएको हुँदा वित्तीय साधनको उचित प्रबन्ध र परिचालन गर्न आवश्यक छ ।

अर्थतन्त्रलाई सक्रिय बनाउन पुँजीको सङ्कलन गर्ने, सहरको पुँजी, सिप, अनुभव र प्रविधिलाई ग्रामीण क्षेत्रसम्म पुऱ्याई राज्यको दिगो र सन्तुलित विकास, अर्थतन्त्रको संरचनात्मक सुधार, क्षेत्रगत रणनैतिक योजना बनाई तथा कार्यान्वयन र सङ्घीय लोकतान्त्रिक व्यवस्थाको आर्थिक विकास गर्न वित्तीय क्षेत्रको आवश्यकता हुन्छ । नेपालको भौगोलिक संरचनाले प्रदान गरेका विविधता, सम्भावना र सहज अवस्थालाई आर्थिक समृद्धिको लागि उपयोग तथा परिचालन गरी सुधारका उपायहरू अवलम्बन गर्नुपर्दछ । मुलुकले एक आर्थिक वर्षमा कति लगानी गर्ने, कुन क्षेत्रमा कसरी गर्ने, त्यसबाट कति रोजगारी सिर्जना गर्ने, कति प्रतिशत गरिबी कम गर्ने भन्ने रणनैतिक योजना बनाई कार्यान्वयन गर्न आवश्यक छ । लगानी वृद्धि, रोजगारी सिर्जना, आय, बचत, उपभोग लगायतका आर्थिक सूचकहरू र दिगो विकासका लक्ष्यहरू हासिल गर्न वित्तीय प्रणालीमा रहेको साधनलाई सोअनुरूप परिचालन गर्नु अहिलेको मुख्य आवश्यकता हो । मुलुकले आफ्नो नियमित र प्रवर्द्धनात्मक भूमिकालाई प्रभावकारी बनाउन योजना, नीति तथा कार्यक्रम कार्यान्वयनलाई कछुवाको चालमा नभई भ्यागुताको गतिमा लैजानुपर्दछ ।

नेपालले उत्पादन र उत्पादकत्व वृद्धिका लागि मात्र होइन, सहज तथा सुलभ सेवा प्रवाह गर्न र विकासको लागत न्यून गर्न पनि असल पूर्वाधारको तयारी गर्नुपर्दछ । सामाजिक न्याय, सुरक्षा, राज्यका स्रोत, साधन र अवसरमा समान पहुँच स्थापित हुने गरी समावेशी आर्थिक तथा सामाजिक विकास, स्वतन्त्रताको प्रत्याभूति, विकासका पूर्वाधारको विस्तारबाट जनताको सुख, सुविधा र सन्तुष्टिमा अभिवृद्धि हुन गई गरिबी न्यूनीकरण, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ सुविधामा वृद्धि हुनसक्दछ । सरकारले अपेक्षा गरेअनुरूप आर्थिक वृद्धि, दिगो विकास, गरिबी निर्मूलीकरण र वातावरण संरक्षण गर्न दिगो कृषि विकास, खानेपानी, सरसफाइ, नवीकरणीय उर्जा, दिगो पर्यटन, दिगो शहरी विकास तथा मानव बसोबास व्यवस्थापन, स्वास्थ्य, रोजगार, प्रकोप व्यवस्थापन, लैङ्गिक समानता र युवा रोजगारको उचित व्यवस्था गर्न सकेमा स्वदेशभित्रै रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ । नेपालको आर्थिक

विकासमा वित्तीय क्षेत्रका अन्तर्राष्ट्रिय असल अभ्यासहरू कार्यान्वयनमा ल्याई दिगो विकासका लक्ष्यहरू हासिल गरी सन्तुलित आर्थिक विकास गर्नुपर्दछ । आर्थिक विकासको लागि वित्तीय क्षेत्रका अभ्यास र दिगो विकासका आयामलाई देहायमा प्रस्तुत गर्न सकिन्छः




२०४० को दशकसँगै नेपालले स्वीकार गरेको खुल्ला आर्थिक प्रणालीले गर्दा वित्तीय क्षेत्रको भूमिका बहुआयामिक हुँदै दिगो विकासका लक्ष्यहरू हासिल गर्न र मुलुकको आर्थिक विकासमा सहयोग पुग्न गएको छ । नेपालको वित्तीय क्षेत्रले विश्वव्यापी मान्यता पाएकोले अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप सेवा तथा सुविधा प्रवाह गरी महत्त्वपूर्ण वित्तीय क्रियाकलापमा अन्तर्राष्ट्रिय बजारसम्म जोडिन पुगेको छ। वित्तीय सेवालाई दिगो, भरपर्दो, गुणस्तरीय तथा प्रतिष्पर्धी बनाउन प्रविधि र विद्युतीय माध्यमको उच्चतम प्रयोग गरी हातहातमा जानकारी साथसाथमा वित्तीय सेवा भन्ने अवधारणाअनुसार सेवा प्रवाह गरिरहेको पाइन्छ । आर्थिक मुद्दालाई प्राथमिकतामा राखी मुद्रास्फीति नियन्त्रण, दोहोरो अङ्कको आर्थिक वृद्धि, उत्पादनमूलक क्षेत्रमा लगानी, बृहत् रोजगारी, लगानीमैत्री वातावरणको निर्माण, रेमिटयान्सको उत्पादनशील क्षेत्रमा प्रयोग जस्ता महत्त्वकाङ्क्षी सवालहरू पूरा गर्न वित्तीय क्षेत्रको अहम् भूमिका हुन्छ।

अर्थशास्त्री जोन रविन्सनको विचारमा कुनै पनि मुलुकको वित्तीय पद्धति चुस्त नहुँदा र अल्पवित्त पहुँच हुँदा आर्थिक विकासमा पछि पर्दछन् । नेपालको राजनीतिक अध्यायमा ठुलाठुला परिवर्तन भए पनि सामाजिक, आर्थिक, प्रतिव्यक्ति आय, रोजगारी, वित्तीय शिक्षा लगायत राज्यका विविध क्षेत्रमा चेतना आउन नसकेका कारण आर्थिक तथा वित्तीय क्षेत्रले अपेक्षाकृत प्रगति हासिल गर्न नसकी दिगो विकासमा समेत दबाब पर्न गएको छ । सरकारले योजना, बजेट, नीति तथा कार्यक्रममा अर्थतन्त्रका विकासका आधारहरू प्रस्तुत गर्दछ तर कार्यान्वयन कति भए वा भएन सोको लेखाजोखा, प्रभावकारिता एवम् मूल्याङ्कनको अध्ययन तथा विवेचना गरेको पाइँदैन । तसर्थ सरकारले नेपाल जस्ता मुलुकमा आप्रवाह हुने बाह्य लगानी, स्वदेश भित्रै हुने आन्तरिक लगानी तथा विप्रेषणबाट आउने रकमलाई अर्थतन्त्रका

प्रमुख क्षेत्रहरू (कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायत) मा लगानी गर्न सके वित्तीय प्रणालीलाई टेवा पुग्ने, दिगो विकासमा सहयोग हुने र आर्थिक विकासमा गति आउन सक्दछ ।

## ६. आर्थिक विकासका चुनौती र सम्भावनाको अवस्था

कोभिड-१९ महामारीको कारण मुलुकको अर्थतन्त्र कमजोर अवस्थामा पुगेको छ । मुलुकको चालु खर्चमा परिरहेको चापलाई उचित व्यवस्थापन गर्न नसक्नु, पुँजीगत खर्च लक्ष्यबमोजिम गर्न नसक्नु, तरलताको समस्या समयमा नै समाधान गर्न नसक्नु, ब्याजदरमा परिवर्तन भैरहनु, व्यापार घाटा बढ्नु, विलासिताका वस्तुको आयात वृद्धि हुनु, निक्षेपको तुलनामा कर्जा विस्तार लगायतका विभिन्न कारणले आर्थिक विकास, समृद्धि, दिगो विकास र वित्तीय प्रणालीको विस्तारमा चुनौती थपिएको छ । त्यसैगरी समावेशी, फराकिलो र दिगो आर्थिक वृद्धि तथा सामाजिक क्षेत्रमा लगानी, सामाजिक न्याय र सुरक्षा, व्यापक औद्योगिकीकरण, संस्थागत तथा मानवीय क्षमताको विकास, निजीक्षेत्रको विकास, सहभागिता र साझेदारी तथा दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण, अन्तर्राष्ट्रिय बजारमा पहुँच, स्थानीय निकायको सबलीकरण, सुशासन, मानव अधिकार, कानुनी शासन, पुनःनिर्माण र विकास, विकासको प्राथमिकीकरण जस्ता कार्यहरूबाट मुलुकको आर्थिक विकास गर्न सकिने सम्भावना रहेको छ । नेपाल जस्तो सानो अर्थतन्त्र भएको मुलुकको लागि न्यून प्रतिव्यक्ति आय, कम कुल गार्हस्थ उत्पादन, प्रविधिको सामान्य प्रयोग, अधिक वैदेशिक निर्भरता, बेरोजगार, गरिबी, सम्पत्ति र आयको असमान वितरण, भौगोलिक अवस्था, पूर्वाधारको अभाव जस्ता यावत पक्षहरू आर्थिक विकासको लागि चुनौती भए पनि अधिक श्रम शक्ति, प्रशस्त जलस्रोत, जैविक विविधता, पर्यटन, वित्तीय पहुँच, राजनीतिक चेतना, वित्तीय सङ्घीयता, मानव अधिकार, वैदेशिक सहयोग र चासो आदिलाई सम्भावना र अवसरको रूपमा लिन सकिन्छ । मुलुकको आर्थिक विकासका प्रमुख चुनौती र सम्भावनालाई देहायमा प्रस्तुत गर्न सकिन्छः

**आर्थिक विकासका चुनौती**

- आर्थिक वृद्धिमा सुस्तता,
- उच्च गरिबी र बेरोजगारी तथा न्यून प्रतिव्यक्ति आय,
- बढ्दो आयात र घट्दो निर्यात,
- न्यून पुँजीगत बजेटको व्यवस्था र न्यून खर्च,
- ऐन, नियम, कानुनमा निरन्तर परिवर्तन,
- विभिन्न प्रकारका महामारी तथा भुकम्प,
- अनौपचारीक अर्थतन्त्रको ठुलो आकार,
- कृषि क्षेत्रमा परम्परागत पद्धतिको प्रयोग,
- दिगो विकासका लक्ष्य हासिल गर्नु,

- राजनीतिक अस्थिरता र जलवायु परिवर्तन,
- समावेशी तथा सन्तुलित आर्थिक विकास,
- कमजोर वित्तीय साक्षरता,
- मुद्रास्फितिलाई नियन्त्रणमा राख्नु,
- अन्तर्राष्ट्रिय बजारमा व्यावसायिक पहुँच कम हुनु ।

**सम्भावनाको अवस्था**

- खुला अर्थव्यवस्था र लगानीमैत्री वातावरण,
- पर्याप्त विद्युत आपूर्ति ,
- सरल र सहज नियम, कानुनको तर्जुमा,
- वित्तीय सेवालाई विविधिकरण गर्न प्रोत्साहन,
- बढ्दो वित्तीय पहुँच,
- कृषि क्षेत्रको व्यावसायीकरण र आधुनिकीकरण,
- बढ्दो विप्रेषण आम्दानी,
- विश्व व्यापार सङ्गठन लगायतका संस्थाहरूसँग पहुँच,
- कोभिड-१९ को असरलाई न्यून गर्न खोपको उपलब्धता,
- सङ्घीय वित्त प्रणालीको सुदृढीकरण,
- प्रतिष्पर्धात्मक क्षमताको अभिवृद्धि,
- लगानीमैत्री वातावरणको सिर्जना,
- बढ्दो वैदेशिक सहायता,
- सशक्त निजी क्षेत्र ।

## ७. नेपालमा आर्थिक विकासको लागि गर्नुपर्ने क्रियाकलाप

मुलुकको दिगो, सन्तुलित, उच्च र समतामूलक आर्थिक वृद्धि गर्न वित्तीय क्षेत्रका अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप साधन तथा स्रोतको परिचालन गर्न आवश्यक रहन्छ । नेपालका प्रमुख क्षेत्र एवम् उपक्षेत्रहरूको निरन्तर विकास गर्न र आर्थिक समृद्धिको लागि देहायका क्रियाकलापहरूको आवश्यकता पर्दछः

- लगानी, उत्पादन, आय, रोजगारी, बचत, पुँजी परिचालन लगायतलाई गतिशील बनाउने,
- वित्तीय प्रणालीमा रहेको साधन तथा स्रोतको समुचित उपयोग गर्न वातावरण तयार गर्ने,
- संस्थागत सुशासन कायम गर्ने र आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने,
- दीर्घकालीन लक्ष्य तथा उद्देश्य हासिल गर्न पुँजी परिचालन गर्ने,

- अन्तर्राष्ट्रिय अभ्यास एवम् प्रचलित नियम, कानुनअनुसार वित्तीय प्रणाली सञ्चालन गर्ने,
- योजना, बजेट तथा कार्यक्रमले निर्दिष्ट गरेका लक्ष्य हासिल गरी आर्थिक विकास गर्ने,
- बृहत एवम् सूक्ष्म आर्थिक विषयगत लक्ष्य एवम् रणनीति प्राप्तिको लागि स्रोतको परिचालन गर्ने,
- जनतालाई वित्तीय ज्ञान, शिक्षा र जानकारी प्रदान गरी मुलुकमा वित्तीय पहुँच अभिवृद्धि गर्ने,
- वित्तीय सेवालाई विविधिकरण गर्न प्रोत्साहित गर्ने,
- कृषि, उर्जा, पर्यटन, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा वित्तीय लगानी बढाई सन्तुलित र दिगो आर्थिक वृद्धि हासिल गर्ने,
- कर्मचारी एवम् मानव संशाधनको व्यवस्थापनसँगै योगदान र योग्यताको कदर गर्ने,
- अर्थतन्त्रका विद्यमान चुनौतीहरूको न्यूनीकरणसँगै अवसरमा रुपान्तरण गर्ने,
- प्रक्रियागत जटिलतालाई प्रविधिको सहयोगबाट आधुनिक बनाई सरल र छिटो बनाउने ।

## ८. निष्कर्ष

वित्तीय प्रणालीको गतिशीलताबाट मुलुकमा लगानी अभिवृद्धि भई रोजगारी, प्रतिव्यक्ति आय, बचत, उपभोग लगायतका आर्थिक पक्षमा सकारात्मक प्रभाव पर्न गई समग्र आर्थिक विकासमा सहयोग पुग्दछ । कोभिड-१९ ले भत्काएको आर्थिक संरचनालाई लयमा ल्याउन, जनतालाई राहत प्रदान गर्न, खोपको सहज उपलब्धता, होटल, यातायात, पर्यटन, शिक्षा, स्वास्थ्य आदि अवस्थामा परेको बहुपक्षीय दबाबलाई सहज बनाउन र दिगो विकासलाई टेवा पुऱ्याउन वित्तीय प्रणालीका असल अभ्यासहरू कार्यान्वयनमा ल्याउनु पर्दछ । पन्ध्रौं योजनासम्म आइपुग्दा नेपालले आर्थिक विकास अपेक्षाअनुसार हासिल गर्न नसक्नु, आय र व्ययको असन्तुलन हुनु, रोजगारीको लागि भारत र तेस्रो मुलुकतर्फ श्रम शक्ति जानुले नेपालको आर्थिक अवस्था नाजुक रहेको र सेवा क्षेत्रको विकास तथा विस्तारमा जोड दिनु जरुरी छ भन्ने कुरा सङ्केत गर्दछ । लामो लकडाउन र निषेधाज्ञाको प्रभावले अर्थतन्त्र ओरालो लागेको हुँदा सरकारले व्यवसायी तथा उद्यमीलाई सहुलियतपूर्ण कर्जा, ब्याज छुट तथा मिनाहा, सरल क्षेत्रगत कर्जाका साथै कालो सूची वा निस्क्रिय कर्जामा प्रक्रियागत सहजता वित्तीय प्रणालीमार्फत उपलब्ध गराउन जरुरी छ । सन् २०२० मा नेपालको आर्थिक वृद्धि ऋणात्मक १.९९ प्रतिशत रहेको हुँदा दिगो विकासका लक्ष्य हासिल गर्न वित्तीय क्षेत्रका असल अभ्यासहरूको कार्यान्वयनमा गरी लगानीयोग्य पुँजीको सहज उपलब्धताको व्यवस्था मिलाई आर्थिक चरहरूमा पर्न गएको प्रभाव र दबाबलाई हटाई सन्तुलित आर्थिक विकासमा जोड दिनुपर्दछ ।

## सन्दर्भ सामग्री

अर्थ मन्त्रालय (२०७३), *वित्तीय क्षेत्र विकास रणनीति* (२०७३/७४-२०७७/७८), नेपाल सरकार ।

*सुरोज टण्डन, २०७९*


अर्थ मन्त्रालय (२०७६), *आर्थिक सर्वेक्षण* (२०७६/७७), नेपाल सरकार ।

अर्थ मन्त्रालय (२०७७), *आर्थिक सर्वेक्षण* (२०७७/७८), नेपाल सरकार ।

अर्थ मन्त्रालय (२०७८), *बजेट तथा कार्यक्रम (आर्थिक वर्ष २०७८/७९),* नेपाल सरकार ।

टण्डन, सुरोज (२०७४), *आधुनिक बैंकिङ व्यवस्थापन र अर्थव्यवस्था,* उत्सव बुक्स प्रकाशन ।

नेपाल राष्ट्र बैंक (२०७८), *मौद्रिक नीति, आर्थिक वर्ष २०७८/७९,* नेपाल राष्ट्र बैंक ।

नेपाल राष्ट्र बैंक (२०७८), *"क, "ख, "ग" र "घ" वर्गको इजाजतपत्र प्राप्त संस्थाहरूलाई जारी गरिएका एकीकृत निर्देशन,* नेपाल राष्ट्र बैंक ।

राष्ट्रिय योजना आयोग (२०७६), *पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१),* नेपाल सरकार ।

UNDP. (2019). *Nepal Sustainable Development Goals Progress Assessment Report, 2016-2019*. UNDP Nepal.

UNDP. (2020). *Nepal Human Development Report.* UNDP Nepal.

UN. (2020). *The Millenium Development Goals Report (2020)*. United Nations.